# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग
## बालुवाटारको
## रुपैयाँ २० दरको नोट चलनचल्तीमा ल्याउने बारेको
## सूचना

यस बैंकले रुपैयाँ २० दरको साविककै आकार, रंग तथा बाह्रसिङ्गेको चित्र रहेको, सङ्केत नं. ञ/४२ ०००००१ देखि ठ/१०० ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ २० रुपैयाँ बिस तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरु भएको नोट यही २०७७ साल कात्तिक ६ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>नोटको अग्र भागमा</u> :-**

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको ।

२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।

३. नोटमा गर्भनरको दस्तखत रहने स्थानमा तत्कालीन गर्भनर डा. चिरंजीबि नेपालको दस्तखत रहेको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७६ लेखिएको ।

**<u>नोटको पृष्ठ भागमा</u> :-**

१. नोटको मध्य भागको माथिल्लो खण्डमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।

२. नोटको मध्य भागमा बाह्रसिङ्गेको चित्र रहेको ।

३. नोटको तल्लो भागको बोर्डरमा अंग्रेजीमा RUPEES TWENTY लेखिएको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2020 A.D. लेखिएको ।